"कृषि, उर्जा, पर्यटन र प्रविधि; हिलिहाङ गाउँपालिकाको समृद्धि"

# हिलिहाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

पञ्चमी, पाँचथर
कोशी प्रदेश, नेपाल

अध्यक्ष :-९८५२६८११७२
उपाध्यक्ष :- ९८६२७७२८७९
प्र.प्र.अ :- ९८५२६८४४७७

प.सं. :-२०८०/०८१ मितिः-२०८०/०४/१५

च.नं. :-

**विषयः- मौजुदा सूचीमा सूचिकृत हुने बारे सूचना।**

प्रस्तुत विषयमा यस गाउँपालिकाको लागि आ.व. २०८०/०८१ मा आवश्यक पर्ने सामान तथा सेवा खरिद गर्नको लागि सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा ६(क) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) को नियम १८ मा भएको कानुनी व्यवस्था बमोजिम देहाय बमोजिमका वस्तु तथा सेवा प्रदान गर्न इच्छुक इजाजत प्राप्त व्यक्ति, संस्था, आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकहरुले मौजुदा सूचीमा सूचीकृत हुनका लागि तपसिलमा उल्लेखित आवश्यक कागजात सहित सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची–२क. बमोजिमको ढाँचामा कार्यालयमा स्वयं उपस्थित भई वा कार्यालयको इमेलः hilihangruralmun@gmail.com मार्फत निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**देहायः**

- औषधि तथा स्वास्थ्य सामाग्री,
- कृषि तथा पशु सेवासँग सम्बन्धित सामाग्री,
- फर्निचर तथा फिक्चर्स,
- सफ्टवेयर, विद्युतीय सामाग्री, सूचना प्रविधिसँग सम्बन्धित सामाग्री,
- निर्माण सामाग्री तथा निर्माण उपकरण,
- मेसिन, सवारी साधन, सवारी साधनका पार्टस,
- छपाई, परामर्श सेवा लगायत सबै प्रकारका वस्तु तथा सेवा।

**मौजुदा सूचीमा सूचीकृत हुन आवश्यक कागजातहरु-**

✓ प्रोपाईटरको नागरिकता प्रमाण पत्रको प्रतिलिपि,
✓ संस्था वा फर्म दर्ता तथा नवीकरण भएको इजाजत पत्रको प्रतिलिपि,
✓ प्यान/भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपि,
✓ आ.ब. २०७९/०८० को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि,
✓ हिमालय बैक लि., हिलिहाङ शाखामा रहेको HILIHANG GA-1-1 ANTARIK RAJASWO (खाता नं. २६३५११८२२४०१७१) मा रु.५००/- जम्मा गरेको भौचर।

नि.प्रमुख प्रशासकीय अधिकृत

*अनुसूची–२क.

(नियम १८ को उपनियम (१) सँग सम्बन्धित)

**मौजुदा सूचीमा दर्ता हुनका लागि दिइने निवेदनको ढाँचा**

श्री कार्यालय प्रमुखज्यू                                        मिति......................

..................................कार्यालय

................................ ।

विषयः मौजुदा सूचीमा दर्ता गरी पाउँ ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ को उपनियम (१) बमोजिम तपशिलमा उल्लिखित विवरण अनुसारको पुष्ट्याई गर्ने कागजात संलग्न गरी मौजुदा सूचीमा दर्ता हुन यो निवेदन पेश गरेको छु ।

तपशिलः

| | |
|---|---|
| १. मौजुदा सूचीको लागि निवेदन दिने व्यक्ति, संस्था, आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकको विवरणः | |
| (क) नामः | (ख) ठेगानाः |
| (ग) पत्राचार गर्ने ठेगानाः | (घ) मुख्य व्यक्तिको नामः |
| (ङ) टेलिफोन नं. | च) मोवाईल नं. |
| २. मौजुदा सूचीमा दर्ता हुनको लागि निम्न बमोजिमको प्रमाणपत्र संलग्न गर्नुहोला । | |
| (क) संस्था वा फर्म दर्ताको प्रमाणपत्र छ ☐ छैन ☐ | |

---

* चौथो संशोधनद्वारा थप ।

| |
|---|
| (ख) नविकरण गरिएको छ ☐ छैन ☐<br>(ग) मूल्य अभिवृद्धि कर वा स्थायी लेखा नम्बर दर्ताको प्रमाणपत्र छ ☐ छैन ☐<br>(घ) कर चुक्ताको प्रमाणपत्र छ ☐ छैन ☐<br>(ङ) कुन खरिदको लागि मौजुदा सूचीमा दार्ता हुन निवेदन दिने हो, सो कामको लागि इजाजत पत्र आवश्यक पर्ने भएमा सो को प्रतिलिपि छ ☐ छैन ☐ |
| ३. सार्वजनिक निकायबाट हुने खरिदको लागि दर्ता हुन चाहेको खरिदको प्रकृतिको विवरण ः |

| | | | |
|---|---|---|---|
| (क)मालसामान आपूर्तिः<br>(मालसामानको प्रकृति समेत उल्लेख गर्ने) | | (ख) नीर्माण कार्यः | |
| (ग) परामर्श सेवाः<br>(परामर्श सेवाको प्रकृति समेत उल्लेख गर्ने) | | (घ) अन्य सेवाः<br>(अन्य सेवाको प्रकृति उल्लेख गर्ने) | |
| निवेदन दिएको मितिः<br>आ. व. | फर्मको छापः | | निवेदकको नामः<br>हस्ताक्षरः |